बैठक मिति: २०७९/५/१४
बैठक संख्या: २

**छलफल तथा निर्णय:**

१. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट प्राप्त गोठाटारमा बृद्धाश्रम भवन निर्माण सम्बन्धी आयोजनालाई स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने। स्रोत सुनिश्चितता प्राप्त भएपछि उक्त आयोजनालाई बहुबर्षीय आयोजनाको रूपमा सहमति प्रदान गर्ने।

२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त मदन भण्डारी राजमार्ग (आयोजना निर्देशनालय) बट्टीचौर-गुट्टु-कर्णाली सडक खण्ड सुर्खेतको ८१ कि.मि. स्तरोन्नति, मदन भण्डारी राजमार्ग (आयोजना निर्देशनालय) रिडि-तम्घास ४६.९७ कि.मि. स्तरोन्नति र डुम्रे-बेसीशहर —चामे मनाङ्ग सडक योजनाको लमजुङको टारीकुना देखि मनाङ्गको चामे सम्म ५०.६१ कि.मी. सडकखण्ड स्तरोन्नति कार्यको लागि स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने।

३. नेपाल सरकार, राष्ट्रिय योजना आयोगको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्ययोजना बमोजिम ६ वटा विकास आयोजना/कार्यक्रमहरुको आन्तरिक मूल्याङ्कन गर्ने कार्यक्रम रहेकोमा देहायका कार्यक्रम सञ्चालन गर्ने:

| क्र.स. | विषय | सम्बन्धित मन्त्रालय/निकाय |
|---|---|---|
| १ | एकल विन्दु सेवा सङ्कट केन्द्र | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| २ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ३ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ४ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ५ | साना किसान लघुवित्त संस्थाको पशुपालन (मासुजन्य र दुधजन्य) कर्जा तथा पशुधन कार्यक्रम | अर्थ मन्त्रालय |
| ६ | नयाँ शहर विकास आयोजना | शहरी विकास मन्त्रालय |

४. २०७९ भाद्र ३१ गते आयोजना हुने ५० औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको तयारी र बैठकमा लैजाने एजेण्डाहरू सम्बन्धित माननीय सदस्यहरूले टुङ्गयाई आयोगको बैठकमा प्रस्तुत गर्ने।